नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, कात्तिक २२ गते २०५३ साल (अतिरिक्ताङ्क ३८

भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

सामयीक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४६ अतिरिक्तांक १७ (अ) मिति २०५३।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको आदेशको दफा २० को उपदफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले देहायका वस्तुहरूबाहेक व्यापारिक प्रय जनका माल वस्तुहरूमा पैठारी भएकै अवस्थामा सम्बन्धित भन्सार कार्यालयहरूबाट मिति २०५३ साल मंसीर १ गतेदेखि भन्सार प्रयोजनको लागि कायम हुने मूल्यको ०.४ प्रतिशतका दरले साफ गेम शुल्क असूल उपर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरेको छ।

१. आ. व. २०५३।०५४ को भन्सार महसूल दरबन्दीमा माफी जनिएका वस्तुहरू।
२. कुटनैतिक सुविधा वा भन्सार महसूल सुविधा अन्तर्गत पैठारी हुने वस्तुहरू।
३. अन्तर्राष्ट्रिय संघ संस्था तथा वैदेशिक सहायता अन्तर्गत संचालित आयोजनाहरूको लागि पैठारी हुने सरसामानहरू।
४ भन्सार महसूल ८० प्रतिशत छूट पाइने प्रावधान रहेका औषधी, औद्योगिक यन्त्रोपकरणहरू र औद्योगिक कच्चा पदार्थहरू।
५. गुण्टा झिटीभारी आदेश बमोजिम व्यक्तिगत प्रयोगका लागि भन्सार महसूल माफिमा पैठारी गर्न सक्ने वस्तुहरू, व्यापारिक प्रयोजनबाहेक व्यक्तिगत प्रयोगका एकसरो सामानहरू, सुन चाँदी तथा सुन चाँदीका गरगहनाहरू।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

८९१

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।